फोन नं.-९८५७०६७९०८
ईमेल-info@chhatrakotmun.gov.np

# छत्रकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

चोयगा,गुल्मी

५ न. प्रदेश नेपाल

प.स. ०७५/७६
च. नं.

**तेस्रो पटक प्रकाशित मितिः २०७५।०७।११**

**हेवी इक्युमेन्ट दर्ता, नविकरण, सूचीकरण सम्बन्धी छत्रकोट गाउँकार्यपालिका कार्यालयको म्याद थप सम्बन्धि अत्यन्तै जरुरी**

**सूचना !!!**

छत्रकोट गाउँपालिका क्षेत्रभित्र गाउँकार्यपालिका कार्यालय, उपभोक्ता समिति तथा अन्य सार्वजनिक निर्माणजन्य कार्य गर्नको लागि (डोजर,एस्काभेटर,लोडर, स्टोन ब्रोकर)हरु जस्ता हेभी इक्युमेन्टहरु तपशिल बमोजिमको शर्तमा भाडामा दिन चाहने कम्पनी/फर्म/व्यक्तिहरुले आर्थिक वर्ष २०७५/०७६ को निमित्त गाउँकार्यपालिका कार्यालयले तोकेको दररेटमा नबढ्ने गरी न्यूनत्तम दररेट पेश गर्ने व्यक्ति/संस्था/फर्महरुलाई सूचिकृत गरी भाडामा लिने प्रयोजनका लागि गाउँकार्यपालिका का र्यालयमा सूचिकृत हुन यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु**

१. यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र सुचिकृत भइसक्नुपर्नेछ । तोकिएको समयभित्र सूचिकृत नहुने कम्पनी/फर्म/व्यक्तिहरुको हेभी ईक्वीपमेन्ट गाउँपालिकामा प्रयोग हुनेछैनन् । त्यसरी गाउँपालिकाबाट सूचिकृत योजनाहरुमा अनाधिकृत प्रयोग भएको पाइएमा त्यस्ता योजनाहरुको रकम भुक्तानी हुनेछैन ।

२. हेभी ईक्वीपमेन्ट उपलब्ध गराउने कम्पनी/फर्म/व्यक्तिहरुले गाउँपालिका/उपभोक्ता समितिहरुलाई भ्याट बील जारी गर्नुपर्नेछ । भरपाई वा अन्य बील तथा ईन्धनको बील मान्य हुनेछैन ।

३. गाउँपालिकाबाट स्वीकृत दररेट ननाघ्ने गरी दररेट पेश गर्ने कम्पनी/फर्म/व्यक्तिहरुलाई कम दररेटको आधारमा सूचिकृत गरी प्राथमिकताको आधारमा भाडामा लिइनेछ ।

४. कम्पनी/फर्म/व्यक्तिहरुले अपरेटर/हेल्पर लगायत व्यक्तिहरुको पारिश्रमिक,खाना,नास्ता र ईन्धन लगायतका सबै खर्च स्वयं आफैले व्यहोर्नुपर्नेछ । यस्तो खर्च गाउँपालिका वा उपभोक्ता समितिले व्यहोर्नेछैन ।

५. हेभी ईक्वीपमेन्ट भाडामा लिने पक्षले भाडाको सम्झौता गर्दा भाडामा लाग्ने कर बापतको रकम सम्झौतामा उल्लेखित रकमबाट नै कट्टा गरी भुक्तानी दिइनेछ । भ्याट तिर्ने दायित्व हेभी ईक्वीपमेन्ट धनी आफैको हुनेछ ।

६. दर्ता,नविकरण, सूचिकरण हुन नियमानुसार शुल्क लाग्नेछ ।

छत्रकोट गाउँकार्यपालिक कार्यालय
चोयगा,गुल्मी

प्रमुख प्रशासकीय अधिकृत